

# सिमान्तकृत समुदायको सशक्तिकरणमा सामाजिक परिवार

समग्र बुलेटिन

| अंक - ४ | मंसिर २०६६ | पेज १ |
|---|---|---|

## क्षेत्र स्तरीय नेतृत्व विकास तालिम सम्पन्न



सभासद लक्ष्मण मेहता

समग्रको आयोजनामा ४ दिने क्षेत्र स्तरीय नेतृत्व विकास तालिम २०६६/०७/१४ देखि १७ गते सम्म मारवाडी सेवा सदन, लहान सिरहामा सम्पन्न भयो । यस तालिममा सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी र सर्लाही जिल्लाका महिला १२ जना र पुरुष २१ जना गरी ३३ जना विभिन्न सामाजिक परिवारका प्रतिनीधिहरुको सहभागीता रह्यो । मानव अधिकारको आधारभूत जानाकारी, द्वन्द व्यवस्थापन/रुपान्तरण, सामाजिक परिवारको अवधारणा र संचालन प्रकृया, अधिकारमुखी विकासको अवधारणा, सिमान्तकृत मानिसहरुका सशक्तिकरणको लागि वकालतका विधि र तौरतरीका तथा समग्रको ५ वर्षे तयनीतिक साझेदारी योजना र १ वर्षे कार्ययोजना आदि विषयवस्तुहरु समावेश गरिएको यस तालिमको उद्घाटन सिरहाका सांसद लक्ष्मण मेहताले गनुभएको थियो ।



उद्घाटन कार्यक्रममा संविधान सभाका सदस्य सुनिता कुमारी महतो, समग्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपाने, इलाका प्रशासक रामचन्द्र कुर्मी, ओरेक नेपालका श्याम कुमारी साह, मानव अधिकार केन्द्रका शिवनारायण सिंह, मानव अधिकार संगठनका राजकुमार राउत, डानिडा हुगोका सल्लाहकार मुकुन्द कट्टेल, वौद्धिक समाजका नमोनारायण झा, भुसंरक्षण कार्यालयका लाल वहादुर कुर्मी, आर.आर.एनका दिनेश अर्याल आदिले तालिमको महत्वमाथि प्रकाश पार्नुको साथै तालिमको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

दुइजना संविधान सभाका सभासदहरुलाई भेट्टाएको मौकाको सदुपयोग गर्दै त्यस कार्यक्रमका वक्ता तथा सहभागीहरुले संसद अवरुद्ध गरी संविधान बनाउने कार्यलाई प्राथमिकता नदिई अन्य कुराहरु आपसी खिचातानीमा साँसदहरु अल्झिएको कुरामा सचेत गर्दै समावेशीका आफ्ना सवालहरु संविधानमा पर्ने कुरामा सुनिश्चित गर्न ध्यानाकर्ष गराएका थिए ।

सो तालिमलाई डानिडा हुगोका सल्लाहकार मुकुन्द कट्टेल, समग्रका प्रेमराज ढुंगेल र अमर अधिकारीले सहजीकरण गरेका थिए । तालिमको आन्तिम दिन आयोजित संक्षिप्त समापन कार्यक्रममा तालिमका सहभागीहरुलाई सिरहाका न्यायधिवक्ता मुकुन्द प्रसाद अधिकारीले प्रमाणपत्र वितरण गर्नुभएको थियो भने अर्का अतिथि सिराहा जिल्ला शिक्षा अधिकारी महेन्द्र महतोले तालिमा अहिलेको समयमा ज्यादै नै सान्दर्भिक भएको र सहभागीहरुले आफूले सिकेका कुरा आफ्नो कार्यक्षेत्रमा गएर उपयोग गर्नुहुनेछ भनी शुभकामना व्यक्त गर्नुभएको थियो । यस तालिमवाट सहभागीहरुको क्षमता अभिवृद्धि भई मानव अधिकार, द्वन्द्व व्यवस्थापन, सामाजिक परिवारको संचालन प्रकृया संवन्धी विषयहरुमा टेवा पुग्नेछ ।

## समग्रको केन्द्रीय टीम तथा डेनिडा-हुगोका प्रतिनिधि पूर्वी तराई भ्रमणमा



समग्रको केन्द्रीय टीम तथा डेनिडा-हुगोका सल्लाहकार मुकुन्द कट्टेलबाट सिराहा, सप्तरी र उदयपुर जिल्लाका समग्रको कार्यक्रम क्षेत्रको भ्रमण २०६६ साल कार्तिक १४ गतेदेखि १८ गतेसम्म सम्पन्न भयो । समग्रका पूर्वाञ्चल क्षेत्रीय संयोजक दुर्गा महतो लगायत जिल्लाका कार्यकर्ता तथा कर्मचारीहरुले आआफ्नो क्षेत्रमा साथ दिएका थिए । यस भ्रमणमा तीनै वटा जिल्लाका विभिन्न सामाजिक परिवारहरुकहाँ नै पुगेर समग्रद्वारा सञ्चालित सिमान्तकृत समुदायहरुको सशक्तिकरणबाट तिनीहरुमा आएको परिवर्तन र हासिल गरेका उपलव्धिका बारेमा तिनीहरुसँग खुल्ला अन्तरकृया गरिएको थियो ।

सिराहाको दक्षिण सिमानानिर रहेको सितापुर गा.वि.स., सलोखैरस्थित मिलन सामाजिक परिवारमा पुग्दा त्यहाँका महिलाहरुले तँछाडमछाड गर्दै समग्रद्वारा संचालित सशक्तिकरण कार्यक्रमको प्रभावस्वरुप आफू र आफ्नो गाउँ-टोलले गरेको उपलब्धिहरु सुनाएका थिए । त्यहाँका महिलाहरु पहिला अरुसँग डराई घुम्टो छोपेर बस्दथे र कोही बाहिरको मानिस त्यहाँ पुग्दा भागेर घरभित्र लुक्न जान्थे । अहिले त्यस सामाजिक परिवार अन्तर्गतका सबै घरका छोरीहरु स्कूल पढ्न जान्छन् । छोरीलाई किन स्कूल पठाउनुभएको भनी सोध्दा नेपाली बोल्न नजान्ने एक महिलाले मातृभाषा मैथिलीमा भनिन्, **"छोरीलाई पढायौं भने आफ्नो घर र गाउँ मात्रै होइन बिहे गरेर गएपछि अर्को गाउँमा पनि उज्यालो पार्छिन् ।"** अर्कि महिला कागोदेवी दासले थपिन्, "सबै छोरीहरु स्कूल जान थालेपछि स्कूलका कक्षाकोठा खचाखच भरिएर विद्यार्थीहरु नअटाउने भएको छ, बरु दुइवटा कोठा थप्न श्रोत खोजिदिनुस् न ।"



**मिलन सामाजिक परिवार, सितापुर, सिराहा**



उदयपुरको देउडीमा जम्मा भएका समाजसेवा महिला सामाजिक परिवारका सबैको एउटै भनाई थियो, "सामाजिक परिवारको गठनले नै महिलाहरको परिवर्तनको ढोका खोल्ने काम भयो र पुरुषहरुको पनि भाग्य चम्कियो ।" उदयपुरकै सुन्दरपुर गा.वि.स.-२ मा जम्मा भएका ६ वटा सामाजिक परिवारका सदस्यहरुको अनुभव पनि रोचक थियो, जसमध्ये रोशनी सामाजिक परिवारमा मुस्लिम महिलाहरु संगठित भएका छन् भने दिनभद्री सामाजिक परिवारमा मुसहरहरु संलग्न छन् । "विद्यालय व्यवस्थापन समिति, वन, खानेपानी तथा निर्माण समितिहरुमा पहिला हामीलाई कहिल्यै राखिँदैन थियो, अहिले हामी मुस्लिम रा मुसहरहरु पनि यी विभिन्न समितिहरुमा विभिन्न पदमा संलग्न भई सहकार्य गर्न थालेका छौं ।" उनीहरुले आफ्नो हक अधिकार स्थापित गर्ने सिलसिलामा रु. २१ लाखको खानेपानी योजना आफ्नो गाउँमा पारेको, घरैपिच्छे पक्कि चर्पी निर्माण गराई प्रयोग गरेको, उमेर पुगेका बालबच्चा विद्यायलय पठाएको, आदि जानकारी दिए ।

पिप्रा पश्चिम, सिसवारीको भेटघाटमा सप्तरी जिल्लाका १० वटा सामाजिक परिवारका सदस्यहरु जुटेका थिए । त्यहाँ महिलाहरुलाई घरबाट जुलुस, बैठक, जिल्ला सदरमुकाम जान दिन्छन् त भनी सोध्दा उनीहरु भन्छन्, "हामी घरको सबै काम सकेर मात्रै हिँड्छौं । घर व्यवहार नमिलाई हिँडेपो त अरुले कुरा काट्ने । तैपनि कहिलेकाहीँ श्रीमान्ले गाली गर्नुहुँदा सम्झाएर राम्रो काममा गएको भनेपछि त्यति सारो गर्नुहुन्न ।" छुवाछुतको बारेमा के छ नि भनी राखेको जिज्ञासामा उनीहरुको उत्तर थियो, "हामी सबै यहाँ सँगै बसेका छौं । सामाजिक परिवार नबन्दा त भेदभाव ज्यादै नै थियो । आजभोलि ख्यालै गरिँदैन, सँगै बसेर चियाखाजा खाइन्छ ।" "पहिला पहिला सदालाई एउटै कुवा, पन्धेरो र इनारमा पानी भर्न दिने चलन थिएन, आजकाल त एउटै ठाउँको पानी सँगै भरेर खान्छौं", चकला सामाजिक परिवारका अध्यक्ष असीलाल सदा दँग पर्दै सुनाउँछन् । आजभोलि त जिल्लाका हाकिमहरुले पनि इज्जतसाथ सँगै राखेर हामी मुसहरका कुरा सुन्ने, कुनै काम भए चाँडै गरिदिने, नसक्ने भए अर्को सालको बजेटमा राखौंला है भनेर सम्झाउने गरेको पाउँदा उनी अति नै खुशी थिए । अञ्जु खुलाल, रीता थापामगर, उर्मिला राना, रानु सदा र अनिरुद्र मण्डल पनि सहि थाप्छन्, "हो, आजभोलि त राम्रो व्यवहार पो गर्छन् त सरहरुले हाम्लाई ।"



सामाजिक परिवारहरुबाट छुट्टिने बेलामा मुकुन्द कट्टेल भन्नेगर्नुहुन्थ्यो, "तपाईहरुबाट धेरै कुरा सिकें, अझ राम्रो गनुहोस् फेरि आउँला ।" भेटघाटका वेलामा ८५ प्रतिशत जति महिला सदस्यहरु सहभागी थिए जसको अनुहारमा

उज्यालो देखिन्थ्यो र भित्रैदेखि हौसला र आँट भएको पाइन्थ्यो । उनीहरुको आफ्नै आर्थिक कोष छ, सहकारी सञ्चालन गरेका छन्, जिल्ला सामाजिक परिवार दर्ता गरेर साधारण सभा सम्पन्न गरिसकेका छन् । "सामाजिक परिवारको यात्रा निरन्तर चलिरहने एउटा परिवर्तनको यात्रा जस्तो पाइन्थ्यो । दुर्गम मधेसका झुपडीहरुका बीचमा होस् वा थारु, मुसलमानका बस्तीमा होस्, यो आफैंमा एउटा नयाँ मार्ग देखिन्थ्यो । हेर्दा साधारण लाग्ने तर शान्तिपूर्ण संघर्षको दरिलो यात्रा भन्ने छर्लङ्ग देखिन्थ्यो । पिँधमा बसेका भनेर हेपिएका, चेपिएका वस्तीहरुबाट छिट्टै राष्ट्र निर्माणका लागि सहजरुपमा परिवर्तन् हुनेछ भन्ने झलक पाइन्छ यो परम्परागत वस्तीभित्र देखा परेको उज्यालोबाट ।" यो निचोड थियो यस भ्रमणको नेतृत्व गर्नुहुने समग्रका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेको ।

भ्रमणको अन्तिम दिन क्षेत्रीय कार्यालय लहानमा समग्रका क्षेत्र र जिल्लाका कर्मचारी तथा कार्यकर्ताहरुसँग यस भ्रमण तथा समग्रको त्यहाँ संचालित कार्यक्रमको बारेमा समिक्षा गरिएको थियो । तीन जिल्लाको भ्रमणपछि यसलाई निरन्तरता दिँदै यस वर्ष कार्यक्रम विस्तार गरिएका जिल्लाहरु धनुषा र महोत्तरी तथा आगामी वर्षमा विस्तार गरिने जिल्लाहरु रौतहट, बारा र पर्साको भ्रमण पनि समग्रको टिमले सम्पन्न गऱ्यो ।

## बधाइ पूर्ण समावेशी जोडीलाई !!!

अन्तरजातीय र अन्तरभौगोलिक भेदभावको खाडललाई कम गरी आपसी सहिष्णुता र मेलमिलाप बढाउने समग्रको अभियानलाई आफ्नै जीवनमा चरितार्थ गरी उदाहण बनेका छन् समग्रका वरिष्ठ उत्प्रेरक अरुण कुमार चौधरी । सप्तरी जिल्ला, मोहनपुर गा.वि.स.-४ का अरुण कुमार चौधरी (थारु) र धनकुटा न.पा.-४, देव्रेवासकी एलिना हिन्माङ्ग (परियार) आपसमा विवाह गरेका मधेसी जनजाती ठीटो र पहाडकी दलित परिवारकी चेलीको यो जोडीलाई हालै पुत्र लाभ भएकोमा समग्र तथा सम्पूर्ण सामाजिक परिवारको तर्फबाट हार्दिक बधाई तथा शुभकामना ।



## जिल्ला सामाजिक परिवारको साधारण सभा सम्पन्न -संस्थागत बिकासतर्फ अग्रसर

समग्रद्वारा सञ्चालित सामाजिक परिवारको अभियानलाई दीगो र स्वचालित गराउन हरेक जिल्लाका गाउँ टोलमा रहेका सामाजिक परिवारहरुका प्रतिनिधिहरुबाट "जिल्ला सामाजिक परिवार" गठन गरेर यसलाई जिल्लामा दर्ता गरी आवश्यक ज्ञान, शीप र जानकारीहरुबाट सशक्त गराई कालान्तरमा यो अभियान आफैं सञ्चालन गर्न सक्नेगरी सुशासन तथा प्रजातान्त्रिक अभ्यास गराउँदै लग्ने निति अनुरुप गोरखा, धादिँग र लमजुङ्गमा गत वर्ष जिल्ला सामाजिक परिवार गठन गरी दर्ता गरिएको थियो । ती सामाजिक परिवारहरुले हालै आ-आफ्नो प्रथम साधारण सभा सम्पन्न गरी संस्थागत बिकासतर्फ अग्रसर भएका छन् ।



जिल्ला सामाजिक परिवार धादिङ्गको प्रथम साधारण सभा कार्तिक २१ गते आदर्श उच्च मा.वि.स्रोत केन्द्र भवन, गजुरीमा सम्पन्न भयो । पञ्च कन्या सामाजिक परिवारका वयोवद्ध सदस्य जित वहादुर सार्कीले उद्घाटन गर्नुभएको सो साधारण सभाको सभापतित्व तदर्थ समितिका अध्यक्ष चन्द्र वहादुर सार्कीले गर्नुभएको थियो । सो साधारण सभाले नयाँ ९ सदसीय कार्य समितिको चयन गर्नुको साथै आगामी वार्षिक कार्यक्रम पारित गऱ्यो । निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन समितिका संयोजक नकुल थापाले सपथ ग्रहण गराउनुभयो । नवनिर्वाचित कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः चन्द्र वहादुर सार्की, विन्दा थपलिया, श्याम वहादुर विसुन्के, मन्जु विसुन्के र रुद्रनाथ कोईराला हुनुहुन्छ भने सदस्यहरुमा सुभद्रा तामाङ्ग, रेशमलाल श्रेष्ठ, रहिमाया चेपाङ्ग र उर्मिला लामा हुनुहुन्छ ।



त्यसैगरी, जिल्ला सामाजिक परिवार लमजुङ्गको प्रथम साधारण सभा कार्तिक २३ गते घरेलु कार्यालयको सभाकक्ष वेशीसहरमा सम्पन्न भयो । चण्डीस्थान गा.वि.स.सचिव पदम वहादुर अधिकारीले उद्घाटन गर्नुभएको सो साधारण सभाको सभापतित्व तदर्थ समितिका अध्यक्ष चित्र वहादुर थापाले गर्नुभएको थियो। सो साधारण सभाले नयाँ कार्य समितिको चयन गर्नुको साथै आगामी वार्षिक कार्यक्रम पारित गऱ्यो । नवनिर्वाचित कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः चित्र वहादुर थापा, राधिका सुनुवार, वलभद्र राउत, प्रेम वहादुर गुरुङ्ग र डिल्लीराम परियार हुनुहुन्छ भने सदस्यहरुमा छकमान विश्वकर्मा, वसन्ती विश्वकर्मा, किसान संगीत नेपाली र तुल वहादुर सार्की हुनुहुन्छ ।

कार्तिक २५ गते जिल्ला सामाजिक परिवार गोरखाको पहिलो साधारण सभा रेडक्रस सभाहल, हरमटारी गोरखामा तदर्थ समितिका अध्यक्ष पुर्ण वहादुर थापाको सभातित्वमा ९ सदस्यीय कार्य समिति चयन गरी सम्पन्न भयो । साधारण सभाका प्रमुख अतिथी तथा गैरसरकारी संस्था महासंघ गोरखाका अध्यक्ष काजीराम रोकायले उद्घाटन गर्नुहुदै साधारण सभाको पूर्ण सफलताको लागि शूभकामना व्यक्त गर्नुभयो । सो साधारण सभाले आगामी वार्षिक कार्यक्रम तथा वजेट पारित गरेको थियो । निम्नानुसार रहेका नवनिर्वाचित कार्य समितिका पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन समितिका अध्यक्ष, मानव अधिकार तथा शान्ति समाजका केन्द्रीय सदस्य स्थानेश्वर दुवाडीले सपथ ग्रहण गराउनु भयोः अध्यक्ष- पूर्ण वहादुर थापा, उपाध्यक्ष- मना पाण्डे, सचिव- विवा अच्छामी, सहसचिव-हरिमाया विश्वकर्मा, कोषाध्यक्ष- दल वहादुर थापा, सदस्यहरु- कमला कुमाल, भरत प्रसाद श्रेष्ठ, देवी माया कार्की र रिमा के.सी. ।



## कार्तिक महिनाभरी सञ्चालित/सम्पन्न नियमित गतिविधिहरु

| कृयाकलाप | | कार्यक्रम संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १.१ | स्थानीय तहमा मानव अधिकारको अनुगमन | १ | २८ | ०५ | ३३ |
| २.२ | कार्यक्रम पूर्व अध्ययन | २ | ३७ | ३९ | ७६ |
| २.४ | मानव अधिकार, द्वन्द्व व्यवस्थापन तथा नेतृत्व बिकास सम्वन्धी क्षेत्रीय स्तरको तालिम | १ | १२ | २१ | ३३ |
| २.६ | मानव अधिकार, द्वन्द्व व्यवस्थापन, संस्थागत बिकास, असल शासन लगायत विषयहरुमा सा.प. स्तरको अभिमूखिकरण | ३ | ८४ | ३८ | १२२ |
| २.१० | समन्वय / संजाल स्थापना / माग पत्र पेश / लविङ्ग भ्रमण | ५ | २२ वटा सेवादायी संस्थाहरु | | |
| ३.१ | अन्तरजातीय मिलान / द्वन्द व्यवस्थापन कार्य | ३ | ८८ | ७ | ९५ |
| ३.२ | दिगो शान्तिका लागि सरोकारवालाहरु विच अन्तरक्रिया | १ | ६ | १३ | १९ |

सम्पर्कको लागि ठेगानाः

**समग्र विकास सेवा केन्द्र**, हस्पिटल मार्ग, चावहिल, पो.व. नं. - १३२७८, काठमाण्डौ,

फोन नं. ४४६९६४९, इमेलः samagra@mcmail.com.np, वेभसाइटः www.samagra-nepal.org